apandainik.com
सिरहाको पहिलो 'क' वर्गको दैनिक पत्रिका

# अपन दैनिक

Apan Dainik National Newspaper
राष्ट्रिय दैनिक समाचारपत्र

जि.प्र.का द.नं. ९०/०७१/०७२
जि.हु.का. द.नं. ७३/०८०/०८१

लेखरचना, समाचार वा विज्ञापन पठाउदा बेलुका ६ बजे भित्र पठाउनुहोला वा मेल गरिसकेपछि जानकारी गराउनुहोला अन्यथा ६ बजेपछि पठाइएका लेखरचना, समाचार वा विज्ञापन सोहि दिनको पत्रिकामा समावेश गर्नको लागि असमर्थ रहनेछौ ।

● वर्षः १२ ● अंकः १९२ ● पृष्ठः ४ ● १३ साउन २०८३ बुधबार (29 July 2026. Wednesday) मधेश प्रदेश, सिरहा संस्करण ApanDainik मुल्यः रु.५/

## मोहम्मद नसिरः
## गोइत समूहका कार्यकर्ता, आज लागुऔषध तस्कर

### हत्या मुद्दामा जेल, जेनजी आन्दोलनमा फरार

**अपन दैनिक संवाददाता**
**सिरहा, साउन १२ गते**

सिरहाको लहान नगरपालिका वडा नम्बर-३ स्थित हस्पिटल चोकमा प्रहरीले गोली चलाएर साउन ७ गते ६ जना लागुऔषध कारोबारीलाई पक्राउ गरेको थियो ।

लागुऔषध नियन्त्रण ब्यूरोले प्रहार गरेको गोली लागेर बिहार घर भएका २२ वर्षीय विद्यानन्द यादव र सप्तरीको रुपनी गाउँपालिका वडा नम्बर-१ घर भएका ४० वर्षीय मोहम्मद नसिर घाइते भएका थिए ।

नसिरको बायाँ खुट्टामा एक राउण्ड गोली लाग्यो । विद्यानन्दको दाहिने खुट्टामा गोली लागेको थियो । ड्युटीमा खटिएका प्रहरीलाई आक्रमण गरेपछि आत्मरक्षाको लागि गोली चलाउनुपरेको लागुऔषध नियन्त्रण ब्यूरोका एसएसपी सुवास बोहराले दाबी गरेका छन् ।





प्रहरीमाथि नै जाइलाग्ने समूहबाट प्रहरीले २४३ ग्राम लागुऔषध खैरो हेरोइन बरामद गरेको छ । नसिरको पृष्ठभूमि लामो समयदेखि आपराधिक रहेको प्रहरीको अनुसन्धानले देखाएको छ ।

नसिर भूमिगत जनतान्त्रिक तराई मुक्ति मोर्चा क्रान्तिकारी (गोइत समूह)मा आवद्ध भएर आपराधिक गतिविधिमा संलग्न रहेको भेटिएको छ । गोइत समूहमा हुँदा हतियार सहित पक्राउ गरेर प्रहरीले हातहतियार र खरखजाना मुद्दामा उनीमाथि अनुसन्धान गरेको ब्यूरोका एसएसपी बोहराले बताए ।

उनले भने, 'त्यसबेला उनी ९ महिना कारागार बसेर छुटेको देखिन्छ ।'

नसिर व्यक्ति हत्यामा पनि दोषी ठहर भएका प्रतिवादी हुन् । २०७८ मा सप्तरीकै एक जनाको हत्या मुद्दामा अदालतले उनलाई २५ वर्ष कैद ठहर गरेको थियो । सप्तरीको शम्भुनाथ नगरपालिकामा भोज भतेर गर्नका लागि खाना बनाउने बहानामा बोलाएर २०७८ असोज ८ मा उनले रामसुन्दर महतोको हत्या गरेका थिए ।

रामसुन्दर महतोको हत्या गरेर खाँडो खोलाको पोखरीमा शव फालेको अनुसन्धानबाट पुष्टि भएको छ । सो घटनामा नासिरसहित ३ जनालाई २५ वर्ष कैद सजाय हुने फैसला भएको थियो ।

हत्यामा नसिरसहित सप्तरीकै विष्णुपुर गाउँपालिका-५ कि ४९ वर्षीय ईनरवती देवी महतो र डाक्नेश्वरी नगरपालिका-७ का ३० वर्षीय रोशन साह संलग्न थिए ।

प्रहरीका अनुसार नसिर मृतक रामसुन्दर महतोको श्रीमती ईनरवती देवी महतोसँग विवाहेत्तर सम्बन्धमा थिए । विवाहेत्तर सम्बन्धका कारण रामसुन्दरकै श्रीमतीसँग मिलेर

बाँकी पृष्ठ ३ ▸▸

## साउनमा मिटर रिडिङ गर्दा कसरी छुट्याउने भ्याट नलाग्ने बिजुली ?




**अपन दैनिक संवाददाता**
**सिरहा, साउन १२ गते**

नेपाल विद्युत प्राधिकरणले साउन १ गतेदेखि भएको विद्युत् उपभोगमा मात्रै ५ प्रतिशत मूल्य अभिवृद्धि कर (भ्याट) लाग्ने स्पष्ट पारेको छ । यसको अर्थ साउन महिनामा खपत भएको विद्युत् महसुल तिर्दा भदौमा मात्रै उपभोक्ताले भ्याट तिर्नुपर्नेछ ।

यसअघि प्राधिकरणले असारमा खपत भएको विद्युतको बिल साउनमा जारी गर्दा पनि भ्याट असुल्न थालेपछि चौतर्फी विरोध भएको थियो । त्यसपछि ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री विराजभक्त श्रेष्ठको निर्देशनमा प्राधिकरणले आन्तरिक राजस्व विभागसँग कानुनी व्याख्या मागेको थियो ।

राजस्व विभागले साउन १ गतेदेखि

बाँकी पृष्ठ ४ ▸▸

## धनुषामा अवाञ्छित र सामाजिक सद्भाव बिथोल्ने गतिविधि रोक्न ६ बुँदे सहमति



**अपन दैनिक संवाददाता**
**जनकपुरधाम, साउन १२ गते**

धनुषा जिल्ला प्रशासन कार्यालयको सक्रियतामा धनुषा जिल्लामा सामाजिक सद्भाव, धार्मिक सहिष्णुता तथा शान्ति-सुरक्षा कायम राख्ने ६ बुँदे सहमतिबाट हिन्दुत्वादी संगठन बाहिरिएका छन् ।

सहमति पत्रमा पछिल्लो समय धार्मिक रूपमा निकै सक्रिय मानिएका हिन्दुत्ववादी संगठनका प्रतिनिधिको नाम र हस्ताक्षर दुवै नदेखिए पनि धनुषाका प्रमुख जिल्ला अधिकारी प्रेमप्रसाद कुइँकेलले भने उनीहरू पनि सहमत भएको दाबी गरेका छन् ।

सहमति पत्रमै हिन्दुत्ववादी संगठनका प्रतिनिधिको नाम र हस्ताक्षर नभएको अवस्थामा प्रमुख जिल्ला अधिकारी कुइँकेलले उनीहरू पनि सहमत भएको दाबी गरेका छन् ।

जिल्ला प्रशासन कार्यालयमा परिसरमा प्रमुख जिल्ला अधिकारी कुइँकेलको अध्यक्षतामा बसेको बैठकले विभिन्न ६ वटा बुँदामा सहमति गरे ।

जसमा धनुषा जिल्लाको

बाँकी पृष्ठ ४ ▸▸

## सुखीपुर नगर अस्पतालका चिकित्सकले गरे २८ साउनसम्मको हाजिर


**अपन दैनिक संवाददाता**
**सिरहा, साउन १२ गते**

सिरहाको सुखपीपुर नगरपालिका-८ सुखीपुरस्थित आधारभूत नगर अस्पतालका प्रमुख डा. लुस्युनकुमार यादवले २८ साउनसम्मको हाजिर गरेको पाइएको छ । डा. यादवले चालू आर्थिक वर्षको १२ साउन (मंगलबारसहित) २८ साउनसम्म दुई/ दुई दिन शनिबार र आइतबार बिदासमेत १६ दिनमध्ये १३ दिनको एकैपल्ट हाजिर गरेको पाइएको हो । उनले १२ साउनसहित अन्य दिनको हाजिरी मंगलबार नै गरेका हुन् वा त्यसअघि नै गरेका हुन् भन्ने विषयमा चाहिँ केही खुलेको छैन ।

सुखीपुर नगरपालिका प्रमुख रामऔतार यादवका छोरासमेत रहेका सुखीपुर १ घर भएका डा. यादवले साउन महिनाभरिको हाजिरी गरेको विषयमा प्रमुख प्रशासकीय अधिकृत जयचन्द्र साहले आफू बैठकमा रहेकाले सबै कुरा थाहा नपाएको भन्दै केही बोल्न चाहेनन् ।

महिनाभरकै एकैदिन हाजिर गरेको विषयमा कुरा गर्न खोज्दा हाजिरी रजिस्ट्रमा उल्लेख रहेको डा.यादवको मोबाइल नम्बर मंगलबार अपराह्न स्विच अफ गरिएको पाइएको छ । आधारभूत नगर अस्पतालका डा. यादव करार सेवाअन्तर्गत नवौं तहमा कार्यरत छन् ।

जिल्ला प्रशासन कार्यालय सिरहाका सूचना अधिकारीसमेत रहेका सहायक प्रमुख जिल्ला अधिकारी




चेतराज बरालले कर्मचारीले साउन महिनाभरिकै हाजिर गरेको विषयमा पालिकामार्फत हाजिरी रजिस्ट्र झिकाएर कुरा गरिने बताए ।

त्यसअघि लहान नगरपालिका १७ गोविन्दपुर वडा कार्यालयमा कार्यरत अधिकृत छैटौं दर्जाका वडासचिव राजकुमार साहले १७ असार (बुधबार) देखि ३२ असारसम्म १६ दिनमध्ये दुई-दुई शनिबार र आइतबार गरी चार दिनको बिदा कटौती गरी १२ दिनको हाजिर एकैपल्ट गरेको पाइएको थियो ।

❍ ग्राहक बन्नु परेमा ।
❍ नवीकरण गर्नु परेमा ।
❍ ठेगाना परिवर्तन भएमा ।
❍ पत्रिका नियमित नआएमा ।
सिधा सम्पर्क
०३३-५२१२१४
अपन दैनिक पत्रिका






प्रकाशक/सम्पादक : शुभ नारायण कामती
: ९८५४०२१७३९
: ९८०१३२१७३९
डेस्क ब्यूरो : रुन्केश कामती
विज्ञापनका लागि सम्पर्क : ९८५२८२१२१४ (रुन्केश)
कानुनी सल्लाहकार : विरेन्द्र कुमार सिंह (अधिवक्ता)
कार्यालय : सिरहा नगरपालिका ७, सिरहा
सम्पर्क : ०३३-५२१२१४
ईमेल : news@apandainik.com
ads@apandainik.com
apandainik@gmail.com
apan.dainik14@gmail.com(Add.)
फेसबुक पेज : www.facebook/ApanDainik
वेबसाइड : www.apandainik.com
मुद्रक : अम्बिका अफसेट प्रेस लहान
**प्रकाशित सामग्रीबारे कुनै गुनासो, सूचना तथा सुझाव भए हामीलाई जनकारी गराउनुहोला वा ईमेलमा पठाउनु होला ।**

## सम्पादकीय...

### सुरक्षा मापदण्डको पालना गर

सिरहा सदरमुकाममा विद्युत पोलमाथि सेफ्टी बेल्ट, हेल्मेट तथा अन्य अनिवार्य सुरक्षा उपकरणबिनै काम गरिरहेको दृश्य सार्वजनिक भएको छ । यो सामान्य लापरबाहीको घटना होइन । यो श्रमिकको जीवनमाथिको प्रत्यक्ष जोखिम हो। उचाइमा गरिने विद्युतसम्बन्धी काम स्वभावत: उच्च जोखिमयुक्त हुन्छ। यस्ता काममा सामान्य त्रुटिले पनि गम्भीर चोटपटक, स्थायी रुपमा अपाङ्गता वा ज्यानसमेत जान सक्ने अवस्था सिर्जना हुन्छ । त्यसैले सुरक्षा मापदण्ड कुनै औपचारिकता होइन, जीवन बचाउने आधारभूत सर्त हो। विद्युत, सडक, पुल, भवन, खानेपानी, सञ्चार तथा सार्वजनिक पूर्वाधार निर्माणका काममा संलग्न प्रत्येक कामदारले आवश्यक व्यक्तिगत सुरक्षा सामग्री पिपिई प्रयोग गर्नैपर्छ। सेफ्टी बेल्ट, हेल्मेट, सुरक्षा जुत्ता, पञ्जा, रिफ्लेक्टिभ ज्याकेट तथा आवश्यक अन्य उपकरणबिना काम गराउनु कानुनी र नैतिक दुवै दृष्टिले गैरजिम्मेवार कार्य हो। सुरक्षा उपकरणको अभाव वा प्रयोग नगर्नु केवल कामदारको कमजोरी मात्र होइन, त्यसको जिम्मेवारी निर्माण कम्पनी, ठेकेदार, सम्बन्धित कार्यालय र नियामक निकाय सबैको हुन्छ।

नेपालमा अझै पनि धेरै निर्माणस्थलमा सुरक्षा मापदण्डलाई खर्च बढाउने विषयका रूपमा हेरिन्छ । काम छिटो सक्ने हतार, कमजोर अनुगमन र दण्डहीनताका कारण सुरक्षा नियमहरू कागजमै सीमित हुने गरेका छन्। कुनै दुर्घटना भएपछि मात्र छानबिन गर्ने र केही समय कडाइ देखाउने प्रवृत्तिले समस्या समाधान हुँदैन । दुर्घटना भएपछि क्षतिपूर्ति दिनुभन्दा दुर्घटना हुनै नदिनु राज्य, रोजगारदाता र सम्बन्धित निकायको पहिलो दायित्व हो। विशेषगरी विद्युतका काममा जोखिम झनै बढी हुन्छ। विद्युत प्रवाह, उचाइबाट खस्ने सम्भावना तथा उपकरणको त्रुटिले एकै क्षणमा अपूरणीय क्षति हुन सक्छ। त्यसैले काम सुरु गर्नुअघि सुरक्षा परीक्षण, आवश्यक उपकरणको उपलब्धता, विद्युत लाइनको सुरक्षित व्यवस्थापन र दक्ष प्राविधिकको निगरानी अनिवार्य हुनुपर्छ। कामदारलाई नियमित सुरक्षा तालिम दिनु पनि उत्तिकै आवश्यक छ। सार्वजनिक निर्माणका हरेक आयोजनामा सम्बन्धित सरकारी कार्यालय, स्थानीय तह, विद्युत प्राधिकरण, श्रम तथा व्यवसायजन्य सुरक्षा हेर्ने निकाय र निर्माण कम्पनीबीच प्रभावकारी समन्वय हुनुपर्छ। अनुगमन केवल कागजी प्रतिवेदनमा सीमित नरही निर्माणस्थलमै पुगेर सुरक्षा मापदण्ड पालना भए-नभएको नियमित निरीक्षण गरिनुपर्छ। सुरक्षा नियम उल्लङ्घन गर्ने निर्माण कम्पनी वा ठेकेदारमाथि कानुनबमोजिम कारबाही हुने स्पष्ट सन्देश दिन सकिए मात्र लापरबाहीमा कमी आउँछ।

कामदारको जीवन कुनै परियोजनाभन्दा सस्तो हुन सक्दैन। विकास निर्माणको उद्देश्य नागरिकको जीवनस्तर सुधार्नु हो, विकासका नाममा श्रमिकको ज्यान जोखिममा पार्नु होइन । आज विद्युत पोलमा सुरक्षा उपकरणबिना चढेको कामदार सुरक्षित तल झर्‍यो भन्दैमा भोलि पनि त्यस्तै हुनेछ भन्ने कुनै ग्यारेन्टी छैन। एउटा दुर्घटनाले एउटा परिवारको भविष्य नै अन्धकारमय बनाउन सक्छ। सुरक्षित कार्यस्थल कुनै विकल्प होइन, संवैधानिक अधिकार र कानुनी दायित्व हो। त्यसैले सार्वजनिक निर्माण होस् वा विद्युतको तार जडान, सुरक्षा मापदण्डको पूर्ण पालना गराउने जिम्मेवारी सम्बन्धित निकायले निर्वाह गर्नुपर्छ। श्रमिकको सुरक्षा सुनिश्चित गर्न सके मात्र विकासले वास्तविक अर्थ पाउनेछ, अन्यथा हाम्रो लापरबाहीले विकासका संरचनाभन्दा बढी दुर्घटनाका खबरहरू निर्माण गरिरहनेछन्। यस्ता खबर रोक्न सुरक्षाका उपाय नै उपयुक्त हुन्छ।

# सत्ताकेन्द्रित सहकार्य होइन, सिद्धान्त र विचार मिल्नेहरूसँग एकता



आनन्दप्रसाद पोखरेल

**इतिहासले दिएको अवसर**

नेपालको कम्युनिस्ट आन्दोलन पार्टी गठन, विभाजन र एकीकरणको इतिहास मात्र होइन, यो राष्ट्रिय स्वाधीनता, लोकतान्त्रिक रूपान्तरण, वर्गीय संघर्ष र समाजवादउन्मुख परिवर्तनको सात दशकभन्दा लामो यात्रा हो । यस आन्दोलनले लोकतान्त्रिक गणतन्त्रको स्थापना, संविधान निर्माण र राजनीतिक परिवर्तनमा ऐतिहासिक नेतृत्व गरेको छ। तर, आन्दोलन जति शक्तिशाली बन्दै गयो, त्यति नै वैचारिक विचलन, नेतृत्वकेन्द्रित प्रतिस्पर्धा, गुटबन्दी र सत्तामोहका कारण विभाजन दोहोरिँदै गएको छ । परिणामस्वरूप जनविश्वास कमजोर हुँदै गयो र आन्दोलनको प्रभाव क्रमश: खुम्चिँदै छ।

रास्वपाको सरकार बनेपछि पनि मुलुकमा व्याप्त राजनीतिक अस्थिरता, आर्थिक चुनौती, अन्तर्राष्ट्रिय शक्ति प्रतिस्पर्धा र जनतामा बढ्दो निराशामा कमी आएको छैन । निर्वाचनमा कमजोर प्रदर्शन गरेका कम्युनिस्ट पार्टीहरूको पुन: सहकार्यको बहस चर्चामा छ । तर आजको मूल प्रश्न कोसँग सहकार्य गर्ने भन्ने होइन; कुन सिद्धान्त, कुन विचार, कुन कार्यक्रम र कस्तो राजनीतिक संस्कृतिका आधारमा सहकार्य गर्ने भन्ने हुनुपर्दछ।

**सिद्धान्तमा आधारित एकताको खाका**

नेपाली कम्युनिस्ट आन्दोलनको इतिहासले स्पष्ट सन्देश दिएको छ– सत्ताकेन्द्रित एकता क्षणिक हुन्छ, सिद्धान्तमा आधारित एकता दिगो हुन्छ । २०३५ सालको माले गठन, २०४७ सालमा एमालेको स्थापना र २०७५ सालमा नेपाल कम्युनिस्ट पार्टी (नेकपा) को एकीकरणले ठूलो सम्भावना सिर्जना गरे पनि ती दीर्घकालीन बन्न सकेनन् । यसमा वैचारिक बहसभन्दा सत्ता, नेतृत्व र शक्ति सन्तुलनको प्रतिस्पर्धा थियो।

नेपाल कम्युनिस्ट पार्टीका संस्थापक महासचिव पुष्पलाल श्रेष्ठले कम्युनिस्ट एकतालाई राष्ट्रिय आवश्यकता र क्रान्तिकारी जिम्मेवारीका रूपमा व्याख्या गर्नुभयो। जननेता मदन भण्डारीले 'जनताको बहुदलीय जनवाद' (जबज) मार्फत लोकतन्त्र, राष्ट्रिय स्वाधीनता र समाजवादलाई नेपाली यथार्थसँग जोड्ने मौलिक कार्यदिशा प्रस्तुत गर्नुभयो । मनमोहन अधिकारीले जनउत्तरदायी, लोकतान्त्रिक र जनमुखी कम्युनिस्ट शासन सम्भव हुन्छ भन्ने व्यावहारिक उदाहरण दिनुभयो। यी तीन वैचारिक योगदान नेपाली कम्युनिस्ट आन्दोलनका साझा मार्गदर्शक आधार हुन्।

**वैचारिक विभाजन र आन्दोलनको विकासक्रम**

नेपाल कम्युनिस्ट पार्टीको स्थापना २०१० वैशाखमा भएको केही वर्षमै क्रान्तिको कार्यदिशा, संगठनात्मक पद्धति, संसदीय अभ्यास, संयुक्त मोर्चाको नीति तथा अन्तर्राष्ट्रिय कम्युनिस्ट आन्दोलनप्रतिको दृष्टिकोणमा मतभेद देखापरे । सोभियत-चीन वैचारिक विवादले प्रभाव पारे पनि विभाजनका मुख्य कारण नेतृत्वबीचको असहमति, संगठनात्मक कमजोरी र वैचारिक भिन्नता नै थिए। फलस्वरूप २०२० र २०३० को दशकमा आन्दोलन विभिन्न धारामा विभाजित भयो, जसले नयाँ नेतृत्व, नयाँ रणनीति र वैचारिक पुनर्गठनको प्रक्रिया अघि बढायो।

चौथो महाधिवेशनबाट विकसित धारा मसाल छुट्टै अस्तित्वमा छ भने अर्को धार नेकपा (एकता केन्द्र) २०५२ सालको माओवादी जनयुद्धसम्म पुग्यो।

२०३५ सालमा गठित नेकपा (माले) ले झापा आन्दोलनबाट विकसित शक्तिलाई संगठित गर्दै जनआधारित आन्दोलनलाई राष्ट्रिय विस्तार दियो । आत्मसमीक्षापछि यस धाराले लोकतान्त्रिक प्रतिस्पर्धा र जनमतलाई शान्तिपूर्ण परिवर्तनको माध्यमका रूपमा स्वीकार गर्‍यो । यही विकासक्रमले २०४६ सालमा वाम-प्रजातान्त्रिक संयुक्त जनआन्दोलन सञ्चालन गरी पञ्चायतलाई खारेज गर्‍यो।

२०४७ मा नेकपा (एमाले) को गठन र मदन भण्डारीद्वारा 'जनताको बहुदलीय जनवाद' (जबज) सिद्धान्तको प्रतिपादनमार्फत नेपाली कम्युनिस्ट आन्दोलन शान्तिपूर्ण लोकतान्त्रिक प्रतिस्पर्धाको नयाँ युगमा प्रवेश गर्‍यो । यसले पुष्टि गर्छ कि आन्दोलनको स्थायित्व विभाजन वा एकीकरणमा होइन, सिद्धान्त, विचार र समयानुकूल लिइने राजनीतिक कार्यदिशामा निर्भर हुन्छ।

**शान्ति प्रक्रिया र गणतन्त्र: दुई धाराको ऐतिहासिक संगम**

२०६२/०६३ को १२ बुँदे समझदारीले नेपाली कम्युनिस्ट आन्दोलनका दुई भिन्न कार्यदिशा बोकेका कम्युनिस्ट पार्टीहरूलाई साझा राजनीतिक निष्कर्षमा जोड्यो । एमालेसहित सात दलको जनआन्दोलन र माओवादीको सशस्त्र संघर्ष अन्तत: दोस्रो जनआन्दोलनमा एकीकृत भए । त्यसको परिणामस्वरूप राजतन्त्रको अन्त्य, संघीय लोकतान्त्रिक गणतन्त्रको स्थापना, विस्तृत शान्ति सम्झौता र संविधानसभामार्फत नयाँ राजनीतिक युगको सुरुआत भयो । विश्व राजनीतिमा सशस्त्र आन्दोलनबाट प्रतिस्पर्धात्मक लोकतन्त्रमा सफल रूपान्तरणका उदाहरणमध्ये नेपालको अनुभव विशिष्ट मानिन्छ । यो सहकार्यको उपलब्धि थियो।

**इतिहासकै सबैभन्दा ठूलो एकता २०७५**

राजनीतिक परिस्थितिले २०७४ को निर्वाचनमा एमाले र माओवादीको वाम गठबन्धनले वामशक्तिलाई सत्ताको केन्द्रमा पुर्‍यायो। परिणामत: दुई दलको एकीकरणबाट २०७५ जेठ ३ गते नेपाल कम्युनिस्ट पार्टी (नेकपा) गठन भयो । यो नेपाली कम्युनिस्ट आन्दोलनको इतिहासमा सबैभन्दा ठूलो संगठनात्मक एकता थियो । करिब दुईतिहाइ जनमतले राजनीतिक स्थायित्व, सुशासन र समाजवादउन्मुख रूपान्तरणको ठूलो आशा जगाएको थियो । तर व्यक्तिगत स्वार्थ, अहंकार, वैचारिक अस्पष्टता, संगठनात्मक लोकतन्त्र र सामूहिक नेतृत्व संस्थागत हुन नसक्दा त्यो ऐतिहासिक अवसर धेरै दिन टिक्न सकेन।

**गुट र फुटको राजनीतिक संस्कृति**

नेपाली कम्युनिस्ट आन्दोलनका बारम्बारका विभाजनका कारण केवल बाह्य हस्तक्षेप होइन; त्यसको मूल स्रोत आन्दोलनभित्रकै वैचारिक र संगठनात्मक कमजोरी हो । व्यक्तिकेन्द्रित नेतृत्व, व्यक्तिपूजा, गुटबन्दी, शक्ति संघर्ष, आन्तरिक लोकतन्त्रको क्षय, उत्तराधिकारको स्पष्ट प्रणालीको अभाव तथा सिद्धान्तभन्दा सत्ता र पदलाई प्राथमिकता दिने प्रवृत्तिले आन्दोलनलाई पटक-पटक विभाजनतर्फ धकेल्यो।

अन्तर्राष्ट्रिय कम्युनिस्ट आन्दोलनका उतारचढाव, शीतयुद्ध, चीन-सोभियत वैचारिक विवाद र बदलिँदो भू-राजनीतिले प्रभाव पारे पनि नेपाली कम्युनिस्ट आन्दोलनका अधिकांश संकटको जरो आफ्नै राजनीतिक संस्कृतिमा छ। यस यथार्थलाई स्वीकार नगरी न त पुनर्गठन सम्भव छ, न त दिगो एकता।

बाँकी पृष्ठ ३ ▸▸

## आजको राशिफल

**मेष** : भाग्यको पूर्ण साथ मिल्नेछ, जसले गर्दा रोकिएका कामहरू पुन: सुचारु हुनेछन्।

**बृष** : आज स्वास्थ्यमा अलि उतारचढाव आउन सक्छ, त्यसैले खानपान र आराममा विशेष ध्यान दिनुहोला।

**मिथुन** : वैवाहिक जीवन र प्रेम सम्बन्ध सुखमय रहनेछ, जीवनसाथीसँगको आपसी समझदारी अझ बलियो हुनेछ।

**कर्कट** : स्वास्थ्यमा राम्रो सुधार आउनेछ र तपाईंमा नयाँ ऊर्जाको सञ्चार हुनेछ।

**सिंह** : बौद्धिक र रचनात्मक काममा ठूलो सफलता मिल्नेछ, जसले गर्दा कार्यस्थलमा प्रशंसा हुनेछ।

**कन्या** : आज पारिवारिक सुख र शान्तिमा केही कमी महसुस हुन सक्छ, त्यसैले घरभित्रका कुरामा धैर्य राख्नुहोला।

**तुला** : तपाईंको पराक्रम र कार्यक्षमतामा वृद्धि हुनेछ, जसले गर्दा कठीन चुनौतीहरू सहजै पार हुनेछन्।

**वृश्चिक** : आर्थिक दृष्टिकोणले आजको दिन निकै राम्रो छ र धन सञ्चय गर्न सफलता मिल्नेछ।

**धनु** : (नोटस् यो राशिको नेपाली नाम धनु हो) तपाईंको मान(सम्मान र सामाजिक प्रतिष्ठामा वृद्धि हुनेछ।

**मकर** : आज खर्चमा केही वृद्धि हुन सक्छ, त्यसैले अनावश्यक विलासिताका सामानमा धन खर्च नगर्नुहोला।

**कुम्भ** : आम्दानीका नयाँ स्रोतहरू फेला पर्नेछन् र पुराना लगानीबाट राम्रो नाफा मिल्नेछ।

**मीन** : कार्यक्षेत्र र व्यापारमा ठूलो सफलता मिल्नेछ, जसले गर्दा करियरमा सकारात्मक परिवर्तन आउनेछ।



**राशिफल जे जस्तो भएपनि तपाईको दिन शुभ रहोस् ।**

**ज्योतिष डा. बिबेक पाण्डेय**
**जन्मकुण्डली हस्तरेखा परामर्शको लागि सम्पर्क नं. ९७०२५२७८३२**



**माँ भगवत्ति बेकरी एण्ड स्वीट्स**
सिरहा नगरपालिका वडा नं. १ (अस्पताल अगाडि), मधेश प्रदेश, नेपाल
फोन नं. ०३३-५२०७१४
यहाँ शुद्धघीको लड्डु, बर्फी, पेडा, कलाकन्ध, मिल्ककेक, काजुकट्टी, राजभोग, चमचम, बल्शाहि, केक, कुकिज, ब्रेड तथा सबै प्रकारका मिठाईहरु सुपथ मूल्यमा पाईन्छ ।

लेखरचना, समाचार वा विज्ञापन पठाउदाँ वेलुका ६ बजे भित्र पठाउनुहोला वा मेल गरिसकेपछि जानकारी गराउनुहोला अन्यथा ६ बजेपछि पठाइएका लेखरचना, समाचार वा विज्ञापन सोहि दिनको पत्रिकामा समावेश गर्नको लागि असमर्थ रहनेछौ ।

अपन दैनिक

सिरहा नगरपालिका ७, पंचमुखी हनुमानजी चौक,
मधेश प्रदेश सिरहा नेपाल

सुनसरी घटना :

# एकअर्कालाई प्रेम र सम्मान गर्दै सामाजिक सद्भाव कायम राख्न बालेनको आह्वान

**मृतकका परिवारलाई न्याय, पीडितलाई क्षतिपूर्ति र दोषीमाथि कारबाही गरिने प्रधानमन्त्रीको प्रतिबद्धता**

**अपन दैनिक संवाददाता**
**सिरहा, साउन १२ गते**

प्रधानमन्त्री वालेन्द्र शाह (बालेन)ले सुनसरीमा भएको घटनाप्रति दुःख व्यक्त गर्दै मृतकका परिवारलाई न्याय, पीडितलाई क्षतिपूर्ति र दोषीमाथि कानुनबमोजिम कारबाही गरिने प्रतिबद्धता व्यक्त गरेका छन्।

प्रधानमन्त्री शाहले सामाजिक सञ्जाल फेसबुक मार्फत सो प्रतिबद्धता जनाएका हुन्।

घटनाबाट प्रभावित परिवारको पीडा सरकारले महसुस गरेको भन्दै उनले न्याय र क्षतिपूर्ति उपलब्ध गराउन सरकार प्रतिबद्ध रहेको उल्लेख गरेका छन्।

प्रधानमन्त्रीले सुरक्षाकर्मीको गोली लागेर नागरिकको ज्यान जानु र घाइते हुनु गम्भीर विषय भएको बताउँदै त्यसबारे अनुसन्धान सुरु भइसकेको भन्दै दोषीमाथि कानुनअनुसार कारबाही हुने जनाएका छन्।

मान्छेको सबैभन्दा पहिलो धर्म मान्छे जोगाउनु रहेको उल्लेख गर्दै प्रधानमन्त्रीले लेखेका छन्, 'सरकारको सबैभन्दा पहिलो धर्म आफ्ना नागरिकलाई सुरक्षित बनाएर कसुरदारलाई कारबाही गर्दै पीडितलाई न्याय र क्षतिपूर्ति दिलाउने हो। सरकारले यो सबै काम यथाशक्य चाँडो गर्नेछ।'

उनले नागरिकलाई उत्तेजना, आक्रोश र बदलाको भावना त्यागेर संयम अपनाउन आग्रह गर्दै सामाजिक सद्भाव, आपसी विश्वास र सहिष्णुता कायम राख्न सबैलाई आह्वान गरेका छन्। एकअर्कालाई प्रेम र सम्मान गर्दै सामाजिक सद्भाव कायम राख्न पनि प्रधामन्त्रीले आह्वान गरेका छन्।

प्रधानमन्त्रीले लेखेका छन्, 'फेरि पनि आग्रह गर्छु, मनमा छन् भने पनि तुस, रिस, डर, आक्रोशलाई हटाउनु होला। उत्तेजित हुने वा गराउने कुनै पनि काममा सरिक नभइदिनुहोला। सुरक्षित र संयमित भएर बसौं। एकअर्कालाई प्रेम र सम्मान गरौं। सामाजिक सद्भाव कायम राखौं।'



सरकारको पहिलो दायित्व नागरिकको सुरक्षा सुनिश्चित गर्नु, पीडितलाई न्याय दिलाउनु र दोषीलाई कानुनी दायरामा ल्याउनु रहेको उल्लेख गर्दै प्रधानमन्त्रीले सो दायित्व पूरा गर्न सरकार पूर्ण रूपमा प्रतिबद्ध रहेको उल्लेख छन्।

प्रधानमन्त्री शाहले सामाजिक घटनामा ज्यान गुमाएकाप्रति श्रद्धाञ्जली अर्पण गर्दै घाइतेको शीघ्र स्वास्थ्यलाभको कामना समेत गरेका छन्।

## मोहम्मद नसिर: गोइत समूहका कार्यकर्ता ............

रामसुन्दरको हत्या गरेको प्रहरीको अनुसन्धान निष्कर्ष छ।

सो मुद्दामा २०८० वैशाख ३१ मा न्यायाधीश हेमन्त रावलले तीनै जना प्रतिवादीलाई जनही २५ वर्ष कैद सजाय तोकेका थिए। फैसला अनुसार नसिर सुनसरीस्थित झुम्का कारागारमा कैद भुक्तान गर्दै थिए।

२०८२ भदौ २४ मा भएको जेनजी आन्दोलनको मौका छोपेर उनी कारागारबाट फरार भएका हुन्। २०७९ वैशाख २२ मा उनी थुनामा परेका थिए। नसिर अब हत्या मुद्दामा २१०४ वैशाख २२ सम्म कारागारमै रहन्छन्। लागुऔषध मुद्दा ठहर भएमा उनलाई थप सजाय हुनेछ।

आफूलाई मोहम्मद नाजिर मियाँ भनेर चिनाउँदै आएका मोहम्मद नसिर कारागारबाट भागेपछि खैरो हेरोइनको तस्करीमा लागेको एसएसपी बोहराले बताए। उनले भने, 'पछिल्लो समय उनी लागुऔषध कारोबारमा संलग्न रहेको देखिन्छ।'

नसिरमाथि अहिले सिरहास्थित इलाका प्रहरी कार्यालय लहानले अनुसन्धान गरिरहेको छ।






# स्वकीय सचिव र सल्लाहकारले मन्त्रालय भरिएका छन्, कर्मचारीलाई बस्ने ठाउँ छैनः कुलमान

**अपन दैनिक संवाददाता**
**सिरहा, साउन १२ गते**

उज्यालो नेपाल पार्टीका अध्यक्ष कुलमान घिसिङले मन्त्रीहरुको स्वकीय सचिव र सल्लाहकारले मन्त्रालय भरिएको आरोप लगाएका छन्।

मंगलबार आयोजित पत्रकार सम्मेलनमा उनले हाल केही मन्त्रीहरूले पाँचदेखि सात जनासम्म तलबसहितका स्वकीय तथा दर्जनौं तलबविहीन स्वकीय राखेको आरोप लगाएका हुन्।

मन्त्रीको स्वकीय सचिव र सल्लाहकारले मन्त्रालयका कर्मचारीका लागि बस्ने ठाउँ अभाव भइरहेको गुनासो आएको उनले बताए।

सरकारले मन्त्रालयको संख्या घटाएर सरकारी खर्च कटौती गर्ने उद्देश्य राखे पनि स्वकीय र सल्लाहकारको संख्या बढाएर उल्टै खर्च बढाएको बताए।

स्वकिय र सल्लाहाकारको हस्तक्षेपले कर्मचारीतन्त्रको मनोबल समेत कमजोर हुँदै जाने भएकोले सरकारले यसतर्फ ध्यान दिनुपर्ने उनको भनाइ छ।

स्वकीय सचिव र सल्लाहकारको बढ्दो संख्या सुशासन, सरकारी खर्च नियन्त्रण र प्रशासनिक कार्यसम्पादनका लागि चुनौती बनेको उनले बताए।

घिसिङले आफू मन्त्री हुँदा तीनवटा मन्त्रालय सम्हाल्दा तलबसहित एक जना मात्र स्वकीयसचिव र बिना पारिश्रमिक एक जना सल्लाहकार राखेको बताए।

उनले भने, 'अब मैले अहिले सुनिरहेको छु मन्त्रीहरूले ५-७ जनासम्म तलबै दिएर स्वकीयहरू राखेको र तलब नदिएर राखेको चाहिँ अझ २०-३० जना छन् रे। अब त्यो कसरी व्यवस्थापन गर्नुभएको छ, मन्त्रालयको साथीहरूसँग



बुझ्दाखेरी मन्त्रालयको सहसचिव र अरू साथीहरूलाई बस्ने ठाउँ छैन। तर स्वकीय तलब दिएर र नदिएर राखिएका सल्लाहकारहरू र स्वकीयहरूले मन्त्रालयको पूरै फ्लोरहरू नै भरेको छ भन्ने मैले सुनेको छु। यो राम्रो विषय होइन। सरकारले यसलाई गम्भीर रूपमा समीक्षा गर्नुपर्छ।'

उनले भने, 'हामीले मन्त्रालय कटौती गर्‍यौं, २५ वटा मन्त्रालयमा १७-१८ वटा भनेका छौं। मन्त्रालय कटौती गर्दाखेरि जुन हिसाबले खर्च कटौती हुन्छ भन्ने थियो र यो हिसाबले गर्दाखेरि अझ धेरै खर्च बढ्ने सम्भावना रहन्छ। मन्त्रीहरूको सल्लाहकारहरू धेरै राख्दा खेरि धेरै किसिमको इन्फ्लुएन्सहरू पनि बढ्न सक्ने सम्भावना हुन्छ।'

उनले सांसदलाई स्वकीय सचिव उपलब्ध गराउने व्यवस्थाप्रति पनि प्रश्न उठाए। सक्षम र योग्य व्यक्तिलाई नियुक्त गरेर सांसदको कार्यक्षमता बढाउने उद्देश्य भएमा स्वकिय सचिव राख्ने व्यवस्था सकारात्मक हुन सक्ने भए पनि व्यवहारमा अधिकांशले आफ्ना निकटका व्यक्तिलाई रोजगारी दिलाउने माध्यमका रूपमा प्रयोग गरेको उनको आरोप छ।

सांसदहरू सेवाभावका साथ राजनीतिमा आएकोले छुट्टै सरकारी सुविधा थप्नुको सट्टामा आवश्यक परे आफ्नै तलबभित्रबाट स्वकीय सचिव राख्न सक्नुपर्ने बताए।

मन्त्रीका हकमा पनि विगतदेखि रहेको सीमित संख्याको व्यवस्थाभन्दा बढी स्वकीय र सल्लाहकार राख्ने प्रवृत्ति गलत भएको उनको भनाइ छ।

स्वकीय सचिव र सल्लाहकार सम्बन्धी व्यवस्थालाई व्यवस्थित गर्दै सरकारी खर्च नियन्त्रण, प्रशासनिक अनुशासन र सुशासनलाई प्राथमिकता दिन उनले सरकारसँग आग्रह गरे।

## श्रीमतीको हत्या प्रयास गर्ने श्रीमान् पक्राउ

**सर्लाही, साउन १२ गते।** बागमती नगरपालिका-५ टेकानी स्थित ससुरालीमा श्रीमतीलाई कुटपिट गरी साडीको पासो लगाएर ज्यान मार्ने उद्योग गर्ने एक युवकलाई पक्राउ गरिएको छ।

जिल्ला सर्लाही, धनकौल गाउँपालिका-१ शेखौना बस्ने २१ वर्षीय बसन्ता बैठा धोबीले सोमबार राति करिब ८:०० बजे आफ्नै १८ वर्षीया श्रीमती चिन्ता देवीलाई कुटपिट गरी घाँटीमा साडीको पासो लगाएर झुन्ड्याउने प्रयास गरेका थिए।

घटनाका क्रममा बहिनी नाता पर्ने १० वर्षीया कुसुम कुमारीले घटना देखेपछि तत्काल आफन्तलाई खबर गरेकी थिइन्। आफन्तले समयमै पासो खोलेर चिन्ता देवीको उद्धार गरेका थिए।

घटनाको जानकारी प्राप्त हुनासाथ प्रहरी चौकी राजघाटबाट प्रहरी टोली घटनास्थल पुगेर घाइतेलाई बागमती

बाँकी पृष्ठ ४ ▸▸

## सत्ताकेन्द्रित सहकार्य होइन, सिद्धान्त र विचार मिल्नेहरूसँग ..........

**जनअपेक्षा र आजको सहकार्यको कार्यदिशा**

केही दिनअघि नेकपा एमाले र नेपाल कम्युनिस्ट पार्टीबीच प्रदेश सरकार निर्माणका लागि ३ बुँदे सहकार्यको सहमतिपत्रमा हस्ताक्षर भएको विषय सार्वजनिक भएको छ। आजको कम्युनिस्ट सहकार्य सत्ता साझेदारी, मन्त्रालय बाँडफाँट वा निर्वाचनको अंकगणितमा सीमित हुनु हुँदैन। त्यसो भयो भने विगतका असफलता पुनः दोहोरिनेछन्। सहकार्यको औचित्य राष्ट्रिय हित, वैचारिक स्पष्टता र साझा कार्यक्रममै निहित छ।

सहकार्य संविधानको प्रभावकारी कार्यान्वयन, राष्ट्रिय स्वाधीनताको रक्षा, सुशासन, भ्रष्टाचार नियन्त्रण, उत्पादनमुखी तथा आत्मनिर्भर अर्थतन्त्र, रोजगारी सिर्जना, सामाजिक न्याय, समाजवादउन्मुख विकास तथा संगठनात्मक लोकतन्त्र र नैतिक राजनीतिक संस्कृतिको निर्माणमा केन्द्रित हुनुपर्छ। आज जनताले घोषणापत्र र नाराभन्दा परिणाम खोजिरहेका छन्। उनीहरूलाई स्थिर सरकार, स्वच्छ शासन, गुणस्तरीय सेवा, उत्पादन, रोजगारी, सुशासन र राष्ट्रिय स्वाभिमान चाहिएको छ। त्यसैले सहकार्यको सफलता घोषणामा होइन, व्यवहार र परिणाममा प्रमाणित हुनुपर्छ।

**पुनर्गठन र पुस्तान्तरणको अपरिहार्यता**

कम्युनिस्ट आन्दोलनको भविष्य केवल चुनावी गठबन्धन वा सरकार निर्माणमा सीमित रहन सक्दैन। समयको माग वैचारिक पुनर्जागरण, संगठनात्मक पुनर्गठन, आत्मसमीक्षा, पुस्तान्तरण, अनुशासित र जनउत्तरदायी नेतृत्व तथा जनसेवामुखी राजनीतिक संस्कृतिको विकास हो।

एकीकृत कम्युनिस्ट केन्द्र निर्माणको अर्थ सबै कम्युनिस्ट दल तत्काल एउटै संगठनमा विलय हुनु होइन। यसको अर्थ साझा राष्ट्रिय दृष्टि, साझा समाजवादी कार्यक्रम, सिद्धान्तनिष्ठ राजनीतिक आचरण र लोकतान्त्रिक सहकार्यको संस्कृतिको विकास गर्नु हो। यही प्रक्रियाबाट पार्टी एकता गर्दै आन्दोलनले आफ्नो ऐतिहासिक भूमिका पुनः स्थापित गर्न सक्छ।

**नयाँ राजनीतिक संस्कृतितर्फ**

कम्युनिस्ट आन्दोलनको संकट संगठनको मात्र होइन, राजनीतिक संस्कृतिको पनि संकट हो। अब प्रतिस्पर्धा पदका लागि होइन, विचारका लागि हुनुपर्छ; गुटका लागि होइन, संगठनका लागि हुनुपर्छ; सत्ता प्राप्तिका लागि होइन, जनविश्वास जित्नका लागि हुनुपर्छ। आत्मसमीक्षा, नैतिक नेतृत्व, पारदर्शिता, संगठनात्मक अनुशासन र जनउत्तरदायित्वलाई राजनीतिक संस्कृतिको आधार बनाउन नसके कुनै पनि सहकार्य दीर्घकालीन बन्न सक्दैन।

**सत्ताले होइन, सिद्धान्तले भविष्य निर्माण गर्छ**

इतिहासले नेपाली कम्युनिस्ट आन्दोलनलाई पटक-पटक अवसर दिएको छ। आज फेरि सहकार्य र एकताको निर्णायक अवसर आएको छ। यदि यसलाई केवल सत्ता साझेदारी र राजनीतिक समीकरणको माध्यम बनाइयो भने इतिहास पुनः दोहोरिनेछ। तर सिद्धान्त, विचार, साझा कार्यक्रम, संगठनात्मक लोकतन्त्र, आत्मसमीक्षा, पुस्तान्तरण र नयाँ राजनीतिक संस्कृतिका आधारमा पुनर्गठन गरियो भने नेपाली कम्युनिस्ट आन्दोलन पुनः रूपान्तरणको अग्रणी शक्ति बन्न सक्छ।

आज आवश्यकता यान्त्रिक पार्टी एकीकरणको होइन, साझा वैचारिक आधार निर्माणको हो। 'जनताको बहुदलीय जनवाद' को मार्गदर्शनमा राष्ट्रिय रूपमा वैचारिक सम्मेलन आयोजना गरी साझा सिद्धान्त, साझा कार्यक्रम, साझा राष्ट्रिय दृष्टि र साझा राजनीतिक संस्कृतिको विकास गर्नुपर्छ। त्यसपछि चरणबद्ध रूपमा एकीकृत कम्युनिस्ट पार्टी निर्माण गर्दै अहिले नेतृत्व गरिरहेको पुस्ताले अभिभावकीय भूमिका निर्वाह गरी तेस्रो पुस्तालाई नेतृत्व हस्तान्तरण गर्नुपर्छ।

इतिहासले दिएको सबैभन्दा ठूलो शिक्षा कम्युनिस्ट आन्दोलनलाई बचाउने शक्ति सत्ता होइन, विचार हो। एकतालाई टिकाउने आधार पद होइन, सिद्धान्त हो। जनविश्वास पुनः स्थापित गर्ने माध्यम नारा होइन, परिणाम हो। त्यसैले आजको आवश्यकता सत्ता-केन्द्रित सहकार्य होइन, सिद्धान्त, विचार र कार्यक्रमको आधारमा निर्मित कम्युनिस्ट सहकार्य र एकता हो।

# भारतले दिएको एम्बुलेन्स वडाध्यक्षले ३ वर्ष ५ महिनासम्म आफूखुसी भाडामा लगाएको खुलासा

**अपन दैनिक संवाददाता**
**जनकपुरधाम, साउन १२ गते**

धनुषाको विदेह नगरपालिका वडा नं. ५ का तत्कालीन वडाध्यक्ष विजय कुमार यादवले भारत सरकारले उपहारस्वरूप दिएको एम्बुलेन्सलाई ३ वर्ष ५ महिनासम्म निजी सम्पत्ति सरह प्रयोग गरी आफूखुसी भाडा असुलेको खुलासा भएको छ।

भारतीय राजदूतावासबाट वडाबासीको निःशुल्क सेवाका लागि प्राप्त एम्बुलेन्स सरकारी कोषमा दर्ता नगरी भ्रष्टाचार गरेको अभियोगमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगले यादव विरुद्ध विशेष अदालतमा मुद्दा दायर गरेको छ।

अख्तियारको अनुसन्धान अनुसार यादवले २०७७ साल असोज १४ गते भारतीय राजदूतावाससँग सम्झौता गरी वडाबासीका लागि निःशुल्क सेवा दिने गरी एम्बुलेन्स प्राप्त गरेका थिए।

तर, उनले उक्त एम्बुलेन्सलाई वडा कार्यालयको जिन्सी विवरणमा आम्दानी नबाँधी आफ्नै नियन्त्रणमा राखेर निजी सवारी साधन जस्तै सञ्चालन गरेको पाइएको अख्तियारले जनाएको छ।




३ वर्ष ५ महिनाको अवधिमा ३० हजार १८५ किलोमिटर गुडाइएको उक्त एम्बुलेन्सको सञ्चालन लगबुक, इन्धन खर्च र आम्दानीको कुनै पनि आधिकारिक रेकर्ड नराखी उनले व्यक्तिगत लाभका लागि प्रयोग गरेको पुष्टि भएको अख्तियारको जिकिर छ।

नेपाल रेडक्रस सोसाइटी धनुषाको दररेट अनुसार कच्ची बाटोमा गुडेको भाडा दरलाई आधार मान्दा यादवले जम्मा १५ लाख ९ हजार २५० रुपैयाँ बराबरको सार्वजनिक सम्पत्ति हिनामिना र हानीनोक्सानी गरेको अख्तियारको ठहर छ।

अनुसन्धानको क्रममा कानुनी कारबाहीबाट जोगिने उद्देश्यले यादवले ३ लाख ८१ हजार ५९७ रुपैयाँ बुझाए पनि बाँकी ११ लाख २७ हजार ६५३ रुपैयाँ असुल उपर गर्नुपर्ने देखिएको अख्तियारको भनाइ छ।

अख्तियारले पूर्व वडा अध्यक्ष यादवलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को विभिन्न दफा अन्तर्गत बिगो बमोजिम जरिवाना, कैद सजाय र बाँकी बिगो रकम असुल उपर गर्न मागदाबी गर्दै मंगलबार विशेष अदालत काठमाडौंमा आरोपपत्र दायर गरेको आयोगका प्रवक्ता सुरेश न्यौपानेले मंगलबार जानकारी दिए।

# ‘यदुवंशीनगर’ विवादमा अन्तरिम आदेश अस्वीकार, सर्वोच्चले मुद्दालाई दियो अग्राधिकार

**अपन दैनिक संवाददाता**
**रौतहट, साउन १२ गते**

रौतहटको फतुवा विजयपुर नगरपालिका वडा नं. ६ को वडा कार्यालयले आफ्नो छाप र लेटरप्याडमा अनधिकृत रूपमा ‘यदुवंशीनगर’ नाम प्रयोग गरेको भन्दै दायर रिटमा सर्वोच्च अदालतले अन्तरिम आदेश दिन अस्वीकार गरेको छ।

सर्वोच्चले अन्तरिम आदेश दिन अस्वीकार गरे पनि विषयको संवेदनशीलतालाई मध्यनजर गर्दै अदालतले यस मुद्दालाई चाँडो टुङ्गो लगाउन ‘अग्राधिकार’ प्रदान गरेको छ।

मंगलबार न्यायाधीशद्वय हरिप्रसाद फुयाल र टेकप्रसाद ढुंगानाको संयुक्त इजलासले मुद्दालाई अग्राधिकार दिएर सुनुवाइ गर्न आदेश दिएको हो।

कानुनका विद्यार्थी रोशन आउजीसहितले दायर गरेको रिटमा फतुवा विजयपुर नगरपालिका वडा नं. ६ को आधिकारिक नामको सट्टा ‘यदुवंशीनगर’ भनी छाप र लेटरप्याडमा अनधिकृत र गैरकानूनी रूपमा उल्लेख गरिएको दाबी




गरिएको थियो। उक्त कार्यले कानुनी र संवैधानिक मर्यादा उल्लङ्घन गरेको भन्दै त्यसलाई रोक्न माग गरिएको थियो।

जिल्ला प्रशासन कार्यालय रौतहटले भने यसअघि नै (२०८२/१०/०७ मा - आदेशमा उल्लेखित मिति) त्यस्तो वडा कार्यालयको छाप र लेटरप्याड कार्यान्वयन नगर्न पत्राचार गरिसकिएको र हाल प्रयोगमा नरहेको व्यहोराको प्रमाण पेस गरेको थियो।

“विपक्षीहरूबाट लिखित जवाफ प्राप्त भएपछि वडा कार्यालयको छाप र लेटरप्याडमा यदुवंशीनगर लेखी प्रयोग नगरेको देखिँदा र यसको संवैधानिक तथा कानुनी आधार अन्तिम निरुपणका बखत टुङ्गो लगाउनु पर्ने हुँदा माग बमोजिम अन्तरिम आदेश जारी गर्न परेन,” अदालतको आदेशमा भनिएको छ।

तर, यो विषय स्थानीय बासिन्दाको स्वामित्व, संवेदनशीलता र जातीय, भाषिक एवं सांस्कृतिक सौहार्दतासँग जोडिएको हुनाले यसलाई ढिलाइ नगरी चाँडो टुङ्गो लगाउन आवश्यक रहेको अदालतको ठहर छ।




## धनुषामा अवाञ्छित र सामाजिक सद्भाव बिथोल्ने ............

बहुभाषिक, बहुजातीय, बहुधार्मिक तथा बहुसांस्कृतिक पहिचानलाई संरक्षण गर्दै सामाजिक सद्भाव, आपसी सम्मान, सहिष्णुता र भाइचारा कायम राख्न सबै पक्षले आ-आफ्नो क्षेत्रबाट सक्रिय भूमिका निर्वाह गर्ने, प्रथम निर्णय छ।

त्यसैगरी, धार्मिक तथा सामाजिक सद्भाव खल्बल्याउने कुनै पनि गतिविधि नगर्न र नगराउन सबै पक्षलाई आग्रह गरिएको छ। सामाजिक सञ्जालमार्फत अफवाह फैलाउने, समुदायबीच द्वेष सिर्जना गर्ने, अमर्यादित अभिव्यक्ति दिने, तोडफोड, आगजनी तथा हिंसात्मक गतिविधिमा संलग्न हुने व्यक्तिमाथि मुलुकी अपराध संहिता, विद्युतीय कारोबार ऐनलगायत प्रचलित कानुनअनुसार कडा कारबाही गरिने निर्णय बैठकले गरेको छ।

कुनै पनि विवाद वा संवेदनशील विषय उत्पन्न भएमा सम्बन्धित समुदायका अगुवा, जनप्रतिनिधि, सुरक्षा निकाय र जिल्ला प्रशासनबीच तत्काल समन्वय गरी शान्तिपूर्ण रूपमा समाधान गर्ने सहमति पनि भएको छ।

यस्तै, शान्तिपूर्ण विरोध प्रदर्शन गर्नुअघि स्थानीय प्रशासनलाई जानकारी गराउने र प्रशासनले आवश्यक सुरक्षा व्यवस्था मिलाउने निर्णय गरिएको छ।

बैठकले हालै धनुषामा भएको घटनाको निष्पक्ष छानबिन गरी दोषीमाथि कानुनी कारबाही गर्न नेपाल सरकारसँग माग गर्ने गरी ६ बुँदामा निर्णयसमेत गरेको छ।

बैठकमा जिल्ला समन्वय समिति धनुषाका प्रमुख देवेन्द्र ठाकुर, जनकपुरधाम उपमहानगरपालिकाका प्रमुख मनोजकुमार साह, सहायक प्रमुख जिल्ला अधिकारी मुन्नेद्र झा, जिल्ला प्रहरी कार्यालय धनुषाका प्रमुख एसपी रुपेश खड्का, सशस्त्र प्रहरी बल नेपालका एसपी भीमबहादुर विष्ट, राष्ट्रिय अनुसन्धान जिल्ला कार्यालय धनुषाका उपअनुसन्धान निर्देशक तुलसी प्रसाईं, विभिन्न राजनीतिक दल, धार्मिक संघ-संस्थाका प्रतिनिधि, नागरिक समाज, मानवअधिकारकर्मी तथा सञ्चारकर्मीको सहभागिता रहेको थियो।

अन्य विभिन्न संघ-संस्थाका प्रतिनिधि सहभागी देखिए पनि मधेश प्रदेशलगायत विभिन्न स्थानमा सक्रिय हिन्दु सम्राट नेपाल, विश्व हिन्दु परिषद्, हिन्दु एकता अभियान, राष्ट्रिय बजरंग दल, जानकी सेना लगायतका संगठनका प्रतिनिधिको नाम र हस्ताक्षर भने सहमति पत्रमा देखिएन।

मधेशमा धार्मिक संस्थाको रूपमा मुख्य सक्रिय र शक्तिशाली मानिएको हिन्दु सम्राट नेपालका महासचिव राकेश सनातनीले आफूहरू बैठकमा सहभागी भए पनि सहमतिमा नपुगेको बताए।

उनले आफूहरूलाई सरोकारवाला निकायसँग छलफल गर्न बोलाइएको भए पनि एकपक्षीय निर्णयमा सहमति गर्न जिल्ला प्रशासन कार्यालयले दबाब बढाएपछि आफूहरू बैठकबाट बाहिरिएको बताए।

यही विषयमा प्रमुख जिल्ला अधिकारी कुइँकेलले भने हिन्दुत्ववादी संगठनका प्रतिनिधि पनि सहमत भएको दाबी गरे। उनले उनीहरू बैठकमा उपस्थित रहेको र त्यसको फोटो तथा भिडियोसमेत रहेको भन्दै उनीहरू सहमतिबाट बाहिरिएको भन्न नमिल्ने बताए।

‘उनीहरू बैठकमा उपस्थित छन्। त्यसको फोटो र भिडियो पनि छ,’ उनले भने, ‘कसरी उनीहरू सहमतिबाट बाहिरिएको भन्नु ?’

सुनसरीको कप्तानगञ्ज घटनापछि मधेशका विभिन्न जिल्लामा त्रासको माहोल देखिएको छ। सुनसरीमा भएको घटनाको विरोधमा विभिन्न जिल्लामा सडक जाम तथा अवरोधको स्थिति सिर्जना भएको छ।

## श्रीमतीको ..........

मोडेल अस्पताल, कर्मैया पुऱ्याएको थियो। सामान्य उपचारपछि उनलाई थप उपचारका लागि वीरगञ्ज रिफर गरिएकोमा पुनः थप उपचारको लागि राति १०:३० बजे रौतहटको बेटर नेपाल, गरुडामा लगेर उपचार भइरहेको र उनको अवस्था गम्भीर रहेको छ।

घटनामा संलग्न बसन्ता बैठा धोबीलाई पक्राउ गरी घटनाबारे थप अनुसन्धान भइरहेको छ।

## साउनमा मिटर रिडिङ गर्दा कसरी छुट्याउने भ्याट नलाग्ने ............

भएको विद्युत् उपभोगमा मात्रै भ्याट लाग्ने स्पष्ट गरेपछि प्राधिकरणले पनि सोहीअनुसार कार्यान्वयन गर्ने जनाएको हो। यसअघि भ्याट तिरिसकेका उपभोक्ताको रकम भने भदौ महिनाको बिलमा समायोजन गरिने प्राधिकरणले जनाएको छ।

तर, विभागको स्पष्टीकरणपछि अर्को व्यवहारिक समस्या भने देखिएको छ। प्राधिकरणले प्रत्येक महिनाको विद्युत् खपतको मिटर रिडिङ अर्को महिनाको पहिलो सातातिर गर्ने भएकाले असार र साउनको खपत छुट्याउने आधार तत्काल उपलब्ध छैन।

अर्थात्, साउनमा मिटर रिडिङ गर्दा त्यसमा असार महिनाको अन्तिम दिनसम्मको खपत र साउन १ गतेपछि मिटर रिडिङ हुने दिनसम्मको खपत मिसिएको हुन्छ। हालको बिलिङ प्रणालीले यी दुई अवधिको विद्युत खपत स्वतः छुट्याउने व्यवस्था नगरेकाले असारमा कति र साउनमा कति विद्युत् खपत भयो भन्ने निर्धारण गर्न समस्या देखिएको हो।

असार र साउनमा मिटर रिडिङ गर्दासम्मको खपत छुट्याउन नसकिने हुँदा रिडिङ गर्दासम्मको युनिटलाई असारकै मान्ने वा के गर्ने भन्ने विषयमा भने प्राधिकरण नै अन्यौलमा देखिएको छ।

प्राधिकरणका एक अधिकारीका अनुसार यही विषयमा अहिले आन्तरिक छलफल भइरहेको छ। ‘रिडिङको हिसाबले समस्या देखिएको छ। एउटै रिडिङमा असार र साउन दुवै महिनाको खपत समेटिन्छ। अहिलेको प्रणालीले असार र साउनको खपत छुट्टाछुट्टै निकाल्ने सुविधा दिँदैन। त्यसैले यसलाई व्यवहारिक रूपमा कसरी व्यवस्थापन गर्ने भन्ने विषयमा छलफल भइरहेको छ,’ ती अधिकारीले भने।

उनका अनुसार असार महिनाको खपतमा भ्याट नलाग्ने विषय स्पष्ट भइसकेको छ। अब साउन १ गतेपछि भएको वास्तविक विद्युत उपभोगमा मात्रै भ्याट लागु हुने व्यवस्था मिलाइनेछ।

सरकारले आर्थिक वर्ष २०८३/८४ को बजेटमार्फत ५० युनिटभन्दा बढी विद्युत् उपभोग गर्ने उपभोक्ताको महसुलमा ५ प्रतिशत भ्याट लगाउने व्यवस्था गरेको थियो। आर्थिक विधेयकले पनि साउन १ गतेदेखि मात्रै उक्त व्यवस्था लागु हुने स्पष्ट गरेको छ। तर, प्राधिकरणले असारमा खपत भएको विद्युतमा समेत भ्याट समावेश गरेपछि विवाद उत्पन्न भएको थियो।

विरोध बढेपछि ऊर्जा मन्त्री विराजभक्त श्रेष्ठले कर कार्यान्वयनका क्रममा उपभोक्तामाथि अतिरिक्त आर्थिक भार पर्न नहुने भन्दै कानुनी र व्यवहारिक दुवै पक्ष स्पष्ट गरी समाधान गर्न निर्देशन दिएका थिए।

सोही निर्देशनअनुसार प्राधिकरणले आन्तरिक राजस्व विभागसँग असार महिनामा खपत भएको विद्युतको बिल साउनमा जारी हुँदा भ्याट लाग्ने वा नलाग्ने विषयमा औपचारिक राय मागेको थियो। साथै, न्यूनतम चार्ज तथा डिमान्ड चार्जमा पनि भ्याट लाग्ने वा नलाग्नेबारे स्पष्ट धारणा मागिएको थियो।

विभागले दिएको रायअनुसार २०८३ असार ३२ गतेसम्मको विद्युत खपतको बिल साउन वा त्यसपछि जारी भए पनि उक्त अवधिसम्मको खपतमा भ्याट लाग्ने छैन। यसअघि असुल गरिएको भ्याटलाई अग्रिम भुक्तानी मानी भदौ महिनाको बिलमा समायोजन गरिनेछ।

यस्तै, प्राधिकरणले स्वीकृत महसुल दर (ट्यारिफ) अनुसार लिने न्यूनतम चार्ज र डिमान्ड चार्ज पनि विद्युत् सेवा वापतकै शुल्क भएकाले साउन १ गतेदेखि भएको विद्युत उपभोगमा ती शुल्कमा समेत ५ प्रतिशत भ्याट लाग्ने विभागले स्पष्ट पारेको छ।

